नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कास्की

Phone: ०६१५८३६१३
Mobile: ९८५६००७१००
९८५६००७१०१
Email-pmamp.piu.kaski@gmail.com
Web: www.piukaski.pmamp.gov.np

पत्र संख्या ०७९/०८०
च नं

## कागती बिरुवाको नर्सरी सूचिकृत एवं मूल्याङ्कन गराउने बारेको सूचना ।।

**सूचना प्रकाशित मिति : २०८०/०१/०७**

प्रस्तुत बिषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्कीको चालु आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कागती बालीमा चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले तपशिल बमोजिमको विशिष्टिकृत विवरण भएका कागतीका विरुवा उपलब्ध गराउन सक्ने ईच्छुक आधिकारिक रुपमा दर्ता भएका बिरुवा नर्सरीधनीहरुले मिति २०८० बैशाख १४ गते भित्र तपशिलका कागजपत्र सहित के कति मूल्यमा उपलब्ध गराउन सकिने हो प्रस्ताव सहित आफ्नो नर्सरी सूचिकृत गरी प्राविधिकबाट विरुवाहरुको निरीक्षण गराइ मूल्याङ्कन गराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ ।

**आवश्यक कागजातहरु:**

१. रु १० को टिकट टाँस गरेको सूचीदर्ता निवेदन।
२. विरुवाको जात खुल्ने विवरण ।
३. संस्था, स्थायी लेखा नम्बर दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपी।
४. गत आ.व.को कर चुक्ता प्रमाणको प्रतिलिपी।
५. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

विरुवाको विशिष्टीकृत विवरण

- सिफारिस जातः सुनकागती १, सुनकागती २
- सिफारिस गरिएको मूलवृत्त जातः तीनपाते, सिटरेन्ज(ट्रोयेर, क्यारिजो), रंगपुर लाइम आदिमा कलमी गरेको हुनुपर्ने
- कलमी गरेको विरुवा कम्तीमा १।५ फिट उचाइको हुनुपर्ने
- जमिनको सतह भन्दा १५-२० सेमी माथि मूलवृत्त कलमी गरिएको
- ग्रिनिङ्ग र ट्रिस्टेजा रोग, कोत्रे(क्याङ्कर) तथा लिफ माइनर र कत्ले कीरा नलागेको स्वस्थ विरुवा हुनुपर्ने
- जालीघर भित्र हुर्काएको, रोग नलागेको माउबोटबाट सायन निकालिएको
- जाली घर बाहिर कलमी विरुवा हुर्काएको भए १२०० मि भन्दा माथि नर्सरी हुनुपर्ने अन्यथा जालीघर भित्र कलमी विरुवा हुर्काएको हुनुपर्ने

सुरेशचन्द्र अधिकारी
बरिष्ठ कृषि अधिकृत